कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
(सामाजिक विकास शाखा)

प.सं.: ०७५/०७६
च.नं.

फोन नं.:-०८१-५४०००९
फ्याक्स: नं.:-०८१-५४०३१८

## लोकसेवा कक्षा सञ्चालन सम्बन्धी पुनःआर्थिक तथा प्राविधिक प्रस्ताव आव्हानको सूचना ।
## दोस्रोपटक सूचना प्रकाशन मिति २०७५/१०/०८ गते

यस कोहलपुर नगरपालिकाको तेस्रो नगरसभा बाट आ.व. २०७५/०७६ का लागि पारित बजेट कार्यक्रम अन्तर्गत लोकसेवा तयारी कक्षा सञ्चालन गर्ने कार्यक्रम रहेकोले लोकसेवा तयारी कक्षा सञ्चालन गर्ने उद्येश्यका साथ दर्ता भइ कार्यक्रम सञ्चालन गरिरहेका इच्छुक संस्थाले सूचना जारी भएको मितिले ७ (सात) दिन भित्र प्राविधिक र आर्थिक प्रस्ताव सहितको निवेदन यस कार्यालयको सामाजिक विकास शाखामा पेश गर्नुहुन यो सूचना जारी गरिएको छ ।

शर्तहरु

१. सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्रको कार्यालय समय भित्र पेश भएका निवेदन मात्र स्वीकार गरिने छ ।
२. आर्थिक प्रस्ताव कर सहित रु ५,००,०००/ (अक्षरुपी पाँचलाख मात्र) को दायरा भित्र हुनु पर्नेछ।
३. यस कार्यालयबाट सिफारिस गरिएका विद्यार्थीहरु मध्ये प्रवेश परिक्षा सञ्चालन गरि उत्तिर्ण ७५ जना विद्यार्थीहरुलाई मात्र पढाउनु पर्ने छ ।
४. लोकसेवा आयोगले स्वीकृत गरेको खरिदार र ना.सु.को पाठ्यक्रममा Course complete कक्षा सञ्चालन गर्नुपर्ने छ ।
५. सेवाको उद्देश्य प्रष्ट देखिने प्रमाण पत्रको प्रतिलिपि पेश गर्नुपर्ने छ।
६. संस्था वा फर्म छनोट गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र प्रचलित कानूनको को परिधि भित्र रही गरिने छ।
७. प्राविधिक प्रस्तावमा सम्बन्धित विषयमा अनुभव तथा कार्यक्रम समेत पेश गर्नु पर्ने छ।
८. कुनैपनि शर्त राखि पेश भएका निवेदन स्वीकार गरिने छैन ।
९. अध्यापन गराउने विषय विशेषज्ञको आधिकारीक परिचय खुल्ने विवरण समेत पेश गर्नु पर्ने छ।
१०. कोहलपुर नगरपालिकामा नियमानुसार व्यवसाय दर्ता भएका स्थानीय संस्थालाई प्राथमिकता दिइने छ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
(सामाजिक विकास शाखा)
कोहलपुर-बाँके

कर्ण बहादुर थापा
शाखा अधिकृत